# सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

## मासिक अपडेट- अप्रिल, २०१६



**अप्रिल महिनामा १११ परिवारले संयुक्त पुर्जा बनाएका छन् । उनिहरुले १७.९७ हेक्टर जग्गामा संयुक्त स्वामीत्व कायम गरेका छन् । सवभन्दा बढि पुर्जा ओखलढुंगा जिल्लामा बनेको छ ।**

### सहमतीमा संयुक्त पुर्जा

संयुक्त पूर्जा अभियानले महिलालाई मात्र होइन पुरुषलाई पनि फाइदा पुर्‍याउने बुझाई ओखलढुगा कुन्तादेवी १ का टेकराज भट्टराईको छ । उनको विवाह २२ वर्षको उमेरमा सल्लेरी गाविसकी बिमला धमलासँग भएको थियो । २ छोरी जन्मिए । तिनीहरुको उचित शिक्षाको जिम्मेवारी आयो । रोजगारीको खोजीमा साउदी गए । धेरथोर आम्दानी हुन थाल्यो । सँगै बस्ने साथीहरुका केही श्रीमतीहरुले कमाएको सम्पत्ति लिएर अर्कैसँग गएको खबरले उनलाई पनि झस्काउँथ्यो । दिन बिग्रीए पछि व्यवहार लथालिङ्ग, हुन्छ । घटना भनेको कहिल्यै सोचेर हुँदैन । यस्तै विभिन्न तर्कनाहरु उठ्थे । विदेशिएको ५ वर्ष वर्षपछि छुट्टिमा घर आउँदा भूमि अधिकार मञ्चले श्रीमान श्रीमतीको नाममा संयुक्त जग्गाधनी बनाउने अभियान चलाएको थाहा पाए । उनलाई यो काम मनपर्‍यो । श्रीमतीसँग सल्लाह गरे । दुबैको मन नबिग्रियोस, बिश्वास बढोस भनेर ८ रोपनी जग्गाको संयुक्त पुर्जा बनाए ।

# पुर्जा पाउँदा दंग



भूमि अधिकार आन्दोलनमा विगत १२ वर्षदेखी सक्रिय सिरहाको बस्तीपुर ९ (हाल लहान नपा १२,१३) स्थित राजदेवी भुमि अधिकार मञ्चका २७ सदस्यले बसोबास गरेको गाउँब्लक जग्गाको पुर्जा लिएका छन् । बसोबास गरीरहेको जग्गा नापजाँच गरि पुर्जा दियोस् भनेर दशकभन्दा बढी समय आन्दोलन गर्‍यौं । बल्ल पुर्जा प्राप्त भयो । राजदेवी भुमि अधिकार मञ्चका अध्यक्ष रिक्मा विश्वकर्माले भनिन् ।

गाउँब्लक जग्गा ५ वर्ष पहिले नापी गरेको भएपनि लालपुर्जा वितरण गरेको थिएन । गाउँ मञ्चका सदस्य र जिल्ला भूमि अधिकार मञ्च,सिरहाले गएको फागुन महिना गाउँब्लक नापी टोली कार्यालय लहानमा डेलिकेशन गए पछि चैत्र महिना देखि लालपूर्जा वितरण सुरुवात गरिएको छ । बस्तपिुरमा २९५ जनाले लालपूर्जा पाएका छन । पुर्जा पाएपछी गेना राम भन्छिन कमसे कम आफु बसेको जगगाको पुर्जा त पाईयो उठिवास हुनबाट ढुक्क भएँ । अव संयूक्त पुर्जा बनाउँछु ।

**सहकार्यका लागि सम्बाद :** ओखलढुङ्गाको कुन्तादेवी गाविसमा स्थानिय निकायका सरोकारवालाहरु बिच भूमिमा महिला अधिकार विषयमा संवाद गरियो । बैशाख ७ गते को छलफलमा नेपाली काँग्रेस, नेकपा एमाले, एमाओवादी, माओवादी र राप्रपाका सवै प्रमुख एवं प्रतिनिधीहरु र अन्य स्थानियहरु गरि २७ जनाको उपस्थिती थियो । गाविसमा संचालित संयुक्त पूर्जा अभियानमा स्थानिय सरोकारवालाहरुको सहयोग लिई संयुक्त पुर्जा बनाउने परिवार बढाउन सम्बाद उपयोगी भएको छ । गाविसका दलका सबै प्रमुखले संयुक्त पुर्जा बनाई सकेका छन् । र अरुलाई पनि बनाउन उनिहरुले उत्साहीत गरिरहेका छन् ।

# भूउपयोग विधेयकको मस्यौदामा छलफल

नेपाल सरकारले पारित गरेको भू-उपयोग नीति २०७२ को आधारमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयले भूउपयोग सम्बन्धी विधेयकको पहिलो मस्यौदा तयार गरेको छ । मस्यौदामा भूमिहिन किसान, कृषि श्रमिक, आवासका लागि आफ्नो स्वामित्वमा जमिन नभएका सुकुम्वासी, मोही किसानहरुको हितका पक्षबाट हेर्दा थुप्रै व्यबस्थाहरु थप्ने र परिमार्जन गर्नुपर्ने देखिन्छ । यसरी भूमिहिन किसान र सिमान्त किसानका हितका दृष्टिले भूउपयोग ऐनको मस्यौदामा गर्नुपर्ने सुधार र थप्नुपर्ने प्रावधानका विषयमा छलफल गर्न २०७२ चैत २४ गते बहश कार्यक्रमको आयोजना गरियो । कार्यक्रममा भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सहसचिब, उपसचिब, नापी विभागका उपनिर्देशक, व्यवस्थापीका संसदका सदस्यहरु, प्रमुख राजनीतिक दलसँग सम्बन्धीत किसान संगठनका प्रमुखहरु, संघसंस्थाका प्रतिनिधी र नागरिक अगुवाहरुको उपस्थिती थियो । यस विषयमा संस्थाले नीति पत्र तयार गरी मन्त्रालयलाई बुझाएको छ ।

## संगठनको माया : विपतमा सहयोग

गंगापरस्पुर गाविस वडा नं.८ वाँकी गाउँमा चैत २९ गते आगलागी हुदाँ ४६ घर जल्यो । यो मध्ये ७ घर वाँकी गाउँ भूमिअधिकार मञ्चका सदस्यको थियो । आगलागी पीडितलाई भगवानपुर गाउँ भूमिअधिकार मञ्चले चामल १०३ किलो र गँहु ४४५ किलो जुटाएर तत्काल पुर्‍यायो । त्यस्तै माधवपुर, प्रर्सा, लालपुर, वाँकी धर्मपुर र प्रसिया गाउँ भूमिअधिकार मञ्चवाट धान २० क्वीन्टल र चामल ५ क्वीन्टल उठाएर सहयोग भयो । आगलागी पीडितको लागि जिल्ला भूमि अधिकार मञ्चले घोराही वजारमा ३९२ थान कपडा र भाडाँकुडा १२ सेट संकलन गरी उपलव्ध गराएको छ । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले आन्तरीक कोषबाट ४६ थान व्लांकेट उपलव्ध गराएको छ ।

**सुकुम्वासीहरुलाई सधैंको आपत**

सुर्खेतमा उठीवास विरुद्द जिल्ला भूमि अधिकार मञ्चले र्‍याली गरेको छ । पुस्तौंदेखी बसेको जग्गाबाट जिल्ला बन कार्यालयले उठाउन प्रहरी परिचालन गरेपछि सोको विरोधमा सदरमुकाम विरेन्द्रनगरमा र्‍याली निकालिएको हो । सरकारले गरिवी घटाउन प्रयास गरेको बताउँदै आएपनि हरेक वर्ष बन मन्त्रालयले जिल्ला बन कार्यालयलाई सुकुम्वासीको घरमा आगो लगाउन बजेट दिदैं आएको छ । यस विषयलाई लिएर मञ्चले प्रमुख जिल्ला अधिकारी मार्फत बन तथा भूसंरक्षण मन्त्रीलाई ज्ञापन पत्र बुझाएको छ ।






'गरिबको घर जलाएर कसरी सरकार चलाउँछौ'

## कागजी परिचयपत्र

मुक्त हलिया पुर्नस्थापना जिल्ला समिति डडेल्धुराले प्रमाणीकरण भएका हलियाहरुलाई परिचय पत्र बितरण गरिरहेको छ । यस कार्यमा जिल्ला भूमि अधिका मञ्च डडेल्धराले हलिया परिचय पत्रका लागि फाराम संकलन गने, स्थानिय निकायबाट सिफरिस लिने र परिचय पत्रका निबेदन संकलन गर्ने कार्यमा सघाईरहेको छ । मञ्चको सहजीकरणमा अप्रील महिनामा बगरकोट, चिपुर गाबिसका २४ परिवार हलियाको परिचय पत्र तयार भएका छन ।



## भूमि समस्या समाधानबारे छलफल

जिल्ला भूमि अधिकार मञ्चको आयोजनामा जिल्ला प्रशासन कार्यालय धुन्चेमा समाधान हुन बाँकी रहेको भूमि समस्या समाधान बारे छलफल भयो । छलफलमा प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद अधिकारी, मालपोत प्रतिनिधि, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका डिएसपी, राजनीतिक दलका नेताहरू, स्थानीय सामाजिक सङ्घ सङ्स्थाका प्रतिनिधि, विस्थापित क्याम्पका प्रतिनिधि, गुठी, बिर्ता र सुकुमबासी किसान लगायत जिल्ला भूमि अधिकार मञ्चका अगुवाहरू सहभागी थिए ।

यसअघि भूमिघर कालिकास्थानमा सहभागी भई जिल्लाका सबै राजनीतिक दलहरुका प्रमुखले जिल्लाको भूमि समस्याबारे छलफल गरी ६ बुँदे प्रस्ताव तयार गरेका थिए ।

## भूकम्प स्मृती दिवस मनाइयो

बैषाख १२ गते भूमि अधिकार मञ्च र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको संयोजनमा रसुवा र सिन्धुपाल्चोकमा भूकम्पको सम्झना र सिकाई आदान-प्रदान गरियो । साँझपख मौनवत्ति बालेर भूकम्पमा परी मृत्यु भएकाहरु प्रति श्रदाञ्जली गरियो । रसुवा जिल्लामा भुकम्पबाट ६८२ र सिन्धुपाल्चोकमा ३५७० ले ज्यान गुमाएका थिए ।







**सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको तालामाराङ कार्यालय अन्तर्गतका कर्मचारीहरुलाई संस्थागत मुल्य र नीति नियमबारे अभिमुखीकरण भयो । सो कार्यक्रममा विभिन्न कार्यक्रमबीच गरी समन्वय गरेर जाने भनी अभ्यास गरिएको थियो ।**

## उद्यमशीलता तालिम



रसुवाको कालिकास्थानमा तरकारी खेती गरिरहेका ९२ जना किसानहरूको लागि २ दिने उद्यमशीलतासम्बन्धी ३ वटा तालिम सञ्चालन गरियो । किसानहरूमा सङ्लग्न व्यवसायको खर्च र आम्दानीको हरहिसाव राख्न सक्ने, आफ्नो उत्पादनलाई गुणस्तरीय बनाउने र बजारसँगको सम्बन्ध बढाउने विषयमा क्षमता बढेको छ ।

## आलु बेचेर घरको जग





आत्मनिर्भर केन्द्र रसुवाको सहयोगमा आलुखेती गरेकी धैबुङ ६ की मैया न्यौपानेले आलु बेचेर घरको जग हालीसकेकी छिन्।उनिले आफ्नो र आत्मनिर्भर केन्द्रको सहयोगमा ३ सय केजी आलुको बिउ रोपेकी थिईन्। उनले करिव ३१ क्विन्टल आलु उत्पादन गरिन्। त्यसमध्ये २५ क्विन्टल प्रति किलो रु २० को दरमा बेचेर ५० हजार लिईन्। बाँकी आफ्नै उपयोगका लागि राखेकी छिन्। आफुले पुग्दो खाएर ४ महिनामा ५० हजार आम्दानी गर्न सकेकोमा उनि खुसी छिन्। बन्दै गरेको घरतिर देखाउदै भनिन्। यही आम्दानीले घरको जग हाल्न शुरु गरेको छु।

## टनेलमा काँका





सिन्धुपाल्चोक, दुवाचौर ९ कि रुपा गिरीको काँक्रो खेती। सोही वडाका १४ कृषकले काँक्रा उत्पादन गरी प्रतिकिलो ४० का दरले विक्री गरेका छन्।

# महिला छलफल केन्द्र



सामुदायिक आत्मनिर्भर केन्द्र
टोखा १०, ईन्द्रपुरी आवास क्षेत्र, धापासी
फोन : ४३५७००५, ४३६०४८६
www.csrcnepal.org